## २०८२ मङ्सीर १ गतेको सचिव बैठकका निर्णयहरू

१. जेनजी आन्दोलनको मर्म र भावना अनुरूप सेवा प्रवाहलाई प्रभावकारी बनाउन एवं भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्न विभिन्न मन्त्रालय/निकायले मातहतका विभाग मार्फत् सम्पादन हुने क्रियाकलापहरू समेत समावेश गरी "तत्काल सुधार कार्य योजना" अन्तर्गतका क्रियाकलापहरूमा आवश्यकतानुसार परिमार्जन गरी यही मङ्सीर २ गते बेलुकी ४ बजेसम्ममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, शासकीय सुधार महाशाखामा पठाउने।

२. विगतका सचिव बैठकका निर्णयहरू कार्यान्वयन गर्न बाँकी निकायले ती निर्णयको तदारुकताका साथ कार्यान्वयन गरी सो को प्रगति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

३. राष्ट्रिय योजना आयोगले गत भदौ २३ र २४ गतेको आन्दोलनको क्रममा क्षतिग्रस्त सार्वजनिक एवं निजी प्रतिष्ठानमा पुग्न गएको क्षति र नोक्सानीको प्रतिवेदन एक हप्ताभित्र तयार गरी पुनर्निर्माणको लागि नीतिगत प्रस्ताव तयार गर्ने।

४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सिंहदरवार परिसर भित्र विगतदेखि सञ्चालनमा रहेको तर भदौ २४ गते कार्यालयमा आगजनी भै अवरुद्ध हुन पुगेको स्वास्थ्य सेवा पुनः सुचारु गर्ने। त्यसको लागि उपयुक्त कक्षको व्यवस्थापन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँगको समन्वयमा मिलाउने।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

मुख्य सचिव